# कार्यकारी आदेश 2026-01: व्यवसाय तथा सम्पत्ति मालिकहरूका सम्बन्धमा बारम्बार सोधिने प्रश्नहरू

फेब्रुअरी 6, 2026 मा, मेयर Jake Wilson ले, संविधानविपरीतका सङ्घीय कार्यहरूको माझमा समरभिलका बासिन्दाहरूको अधिकार र सुरक्षालाई कायम राख्न यो कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभयो।

## यो कार्यकारी आदेशले के गर्छ?

यस कार्यकारी आदेशले सिटीको स्वामित्वमा रहेका भवनहरू, पार्कहरू, पार्किङ स्थलहरू र तिनका कुनै पनि भित्री वा बाहिरी भागहरूलाई—नागरिक आप्रवासन कार्यान्वयनसम्बन्धी कार्यहरू अघि बढाउन प्रयोग हुने तयारी क्षेत्र, प्रशोधन स्थान, सञ्चालन आधार, वा यस्तै कुनै अन्य उद्देश्यका लागि प्रयोग गर्नमा निषेध गर्दछ। यसले निजी सम्पत्तिका मालिकहरू र भाडामा लिने व्यक्तिहरूलाई पनि नमूना सङ्केत उपलब्ध गराउँछ जो आफ्नो निजी स्थान यस्ता आप्रवासन कार्यान्वयन प्रयोजनका लागि प्रयोग नहोस् भन्ने चाहन्छन्।

## यसमा निजी सम्पत्तिका मालिकहरू र व्यवसायहरू पनि सहभागी हुन सक्छन्?

सक्छन्। यो आदेश प्रत्यक्ष रूपमा सिटीका सम्पत्तिहरूमा लागू हुने भएता पनि निजी सम्पत्तिका मालिकहरू र व्यवसाय मालिकहरूले स्वेच्छिक रूपमा यस पहलमा सहभागी हुन सक्छन्। उनीहरूले आफ्नो सम्पत्तिका लागि तयार पारिएका सङ्केतहरू प्रदर्शन गरेर समरभिलका बासिन्दाहरूको अधिकार र सुरक्षालाई समर्थन गर्न सक्छन्।

## मेरो व्यवसायमा सङ्केत राख्दा त्यसले के जनाउँछ?

निजी सम्पत्तिका मालिकहरू र व्यवसायहरूलाई आफ्नो स्थानमा पहुँच सीमित गर्ने अधिकार हुन्छ। आफ्नो सम्पत्तिमा सङ्केत राखेर तपाईंले आफ्नो सम्पत्ति नागरिक आप्रवासन कार्यान्वयन (जस्तै: तयारी, प्रशोधन वा सञ्चालन) का लागि प्रयोग गर्न अनुमति दिनुहुन्न भन्ने जनाउनुहुन्छ। यस्तो सङ्केत राख्दैमा तपाईंको सम्पत्तिमा लागू हुने कानुनहरू परिवर्तन हुँदैनन्; तपाईं आफ्नो निजी स्थान प्रयोगका सर्तहरू निर्धारण गर्ने आफ्नो अधिकारको प्रयोग मात्र गर्दै हुनुहुन्छ।

## यस आदेशले वैध पक्राउ पूर्जी वा आपराधिक अनुसन्धानमा असर पुर्याउँछ?

पुर्याउँदैन। यस कार्यकारी आदेशले वैध न्यायिक पक्राउ पूर्जीको कार्यान्वयन वा वैध आपराधिक अनुसन्धानलाई सीमित वा प्रतिबन्धित गर्दैन। यो नागरिक आप्रवासन कार्यान्वयनका हकमा मात्र लागू हुन्छ।

## यसको अर्थ ICE मेरो व्यवसायमा आउन सक्दैन भन्ने हो?

त्यसो नहुन सक्छ। सङ्केतले सङ्घीय अधिकारीहरूलाई वैध न्यायिक पक्राउ पूर्जी भएको अवस्थामा वा कानुनी अधिकार अन्तर्गत कार्य गरिरहेको अवस्थामा व्यवसायमा प्रवेश गर्नबाट रोक्दैन। तर, तपाईंले नागरिक आप्रवासन कार्यान्वयनका लागि आफ्नो सम्पत्तिमा प्रवेश गर्न अनुमति दिनैपर्छ भन्ने छैन।

## यस प्रकारको सङ्केत राख्नु कानुनी रूपमा ठिक हो?

सक्छन्। व्यवसाय तथा सम्पत्तिका मालिकहरूलाई आफ्नो सम्पत्ति कसरी प्रयोग हुन्छ भन्ने सर्त निर्धारण गर्ने र सिटीका पहलहरूमा ऐक्यबद्धता जनाउने अधिकार हुन्छ। यस्तो सङ्केतले कुनै पनि सङ्घीय वा राज्य कानुनको उल्लङ्घन गर्दैन।

## ICE का एजेन्टहरू मेरो व्यवसाय वा सम्पत्तिमा आए भने मैले के गर्नु पर्ला?

सङ्घीय एजेन्टहरू सम्पर्कमा आए भने: शान्त रहनुहोस्। न्यायाधीशद्वारा हस्ताक्षर गरिएको न्यायिक पक्राउ पूर्जी देखाउन अनुरोध गर्नुहोस् (ICE को प्रशासनिक पक्राउ पूर्जीले प्रवेश गर्ने अधिकार प्रदान गर्दैन)। न्यायिक पक्राउ पूर्जी नदेखाइएसम्म तपाईंले आफ्नो सम्पत्तिमा प्रवेश वा प्रयोगका लागि अनुमति दिनुपर्छ भन्ने छैन। सङ्घीय एजेन्टहरू अवैध रूपमा तपाईंको निजी सम्पत्तिमा प्रवेश गर्छन् भने 911 मा फोन गर्नुहोस्।

## मेरो व्यवसायमा कसैले अवरोध सिर्जना गरिरहेको छ भने के गर्ने?

सङ्घीय अधिकारी वा सर्वसाधारण जो सुकै भएता पनि, सम्पत्ति मालिक वा भाडामा बस्ने व्यक्तिको रूपमा तपाईंलाई आफ्नो सम्पत्तिमा तिनीहरूको प्रवेश अस्वीकार गर्ने अधिकार छ। यदि कसैले उक्त स्थानमा अरूलाई असहज बनाउने वा अवरोध सिर्जना गरिरहेको छ भने तपाईंले त्यस व्यक्तिलाई त्यहाँबाट निस्केर जान आग्रह गर्न सक्नुहुन्छ।

समरभिल प्रहरी विभागले यस्ता परिस्थितिहरूलाई शान्त बनाउन सहयोग गर्न सक्छ। तपाईं, कर्मचारी वा सर्वसाधारणमध्ये कसैलाई खतरा महसुस हुन्छ भने कृपया 911 मा फोन गर्नुहोस्।

## सङ्केत कसरी पाउन सकिन्छ?

तपाईंको प्रयोगका लागि निजी सम्पत्ति सङ्केतका दुईवटा नमूना संस्करणहरू उपलब्ध गराइएका छन्। एउटा संस्करण नागरिक आप्रवासन कार्यान्वयनका लागि निजी सम्पत्तिको प्रयोग निषेध गर्ने अधिकारमा केन्द्रित छ भने अर्को संस्करण सामान्य रूपमा लेखिएको छ। सङ्केतहरू राख्ने कि नराख्ने भन्ने निर्णय सधैं व्यवसाय तथा सम्पत्ति मालिकहरूको विवेकमा निर्भर हुन्छ।

## यी नमूना सङ्केतहरू कहाँ प्रिन्ट गर्न सकिएला?

**सिटी अफ समरभिल कार्यकारी आदेश 2026-01**
**निजी सम्पत्ति सङ्केतसम्बन्धी मार्गदर्शिका**

प्रत्येक नमूना 8.5 x 11 इन्चको कागजमा प्रिन्ट गर्न मिल्ने गरी तयार गरिएको छ र पछाडिको भागमा अस्वीकरण सहित दुबैतर्फ प्रिन्ट हुन्छ। "कर्मचारी मात्र" भन्ने सङ्केतहरू साना आकारका लागि डिजाइन गरिएका छन् र त्यस्ता दुईवटा सङ्केतलाई एउटै पृष्ठमा समावेश गरिएको छ। तपाईंसँग प्रिन्टर छैन भने समरभिल सामुदायिक पुस्तकालय उपयोगी स्रोत हो। समरभिल वा Minuteman Library Network का कुनै पनि पुस्तकालयको कार्ड भएका सदस्यहरूले पुस्तकालयमा प्रिन्ट गर्न सक्छन्। समरभिल पुस्तकालयहरूले प्रतिदिन $3.00 बराबरका निःशुल्क प्रिन्ट सेवा प्रदान गर्छन् (श्यामश्वेत 20 पाना वा रङ्गीन 10 पाना)। अतिरिक्त प्रिन्टका लागि सन्दर्भ डेस्कमा नगद भुक्तानी गर्न सकिन्छ।

समरभिलको सामुदायिक मेकरस्पेस Fabvilleले पनि तपाईंलाई फरक सामग्रीमा आफ्नै सङ्केत बनाउनमा सहयोग गर्न सक्छ।

यसका साथै, समरभिलमा रहेका विभिन्न साना व्यवसायिक प्रिन्ट पसलहरूले पनि आफ्नै खालका सङ्केत तयार गर्नमा सहयोग गर्न सक्छन्।

मार्च 2, 2026

# नमूना सङ्केतहरूको संक्षिप्त जानकारी

## निजी सम्पत्तिसम्बन्धी नमूना सङ्केतहरू

**संस्करण 1:** **"निजी सम्पत्ति – अनधिकृत प्रवेश निषेध – नागरिक आप्रवासन कार्यान्वयन प्रयोजनका लागि प्रवेश गर्न तपाईंलाई अनुमति छैन"**

**संस्करण 2:** **"निजी सम्पत्ति – अनधिकृत प्रवेश निषेध"**

यी सङ्केतहरू निजी सम्पत्तिको प्रवेशद्वार नजिक राख्नुपर्छ। उदाहरणका लागि: धेरै परिवार बस्ने भवनको लबीको प्रवेशद्वार वा घरको ढोकामा।

## व्यवसायमा प्रवेशसम्बन्धी नमूना सङ्केतहरू

**संस्करण 1:** **"ग्राहक तथा कर्मचारी मात्र – नागरिक आप्रवासन कार्यान्वयन प्रयोजनका लागि प्रवेश गर्न तपाईंलाई अनुमति छैन"**

**संस्करण 2:** **"ग्राहक तथा कर्मचारी मात्र – प्रवेश/छिर्ने कार्य अस्वीकार गर्ने अधिकार हामीसँग सुरक्षित छ"**

यी सङ्केतहरू व्यवसायका लागि बनाइएका हुन् र ग्राहकहरू वा सेवाग्राहीहरू प्रवेश गर्ने स्थानमा राख्नुपर्छ।

## व्यवसायका भित्री भागमा प्रवेशसम्बन्धी नमूना सङ्केतहरू

**"कर्मचारी मात्र"**

यी सङ्केतहरू व्यवसायको सार्वजनिक र निजी भाग छुट्याउने भित्री ढोकाहरूमा राख्नुपर्छ।